छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

# खण्ड १ परिचय र समिक्षा

## १, पृष्ठभुमी

## १.२ चालु आ.व.०७४।०७५ को निति तथा कार्यक्रमको समिक्षा :

**क) आर्थिक विकास :**

- गत आवमा २०७४ भाद्र २८ देखि असोज ३ सम्ममा मात्र ऐतिहासिक प्रथम गाउसभा सम्पन्न भएको र निति तथा कार्यक्रममा ब्याख्या गरे बमोजिम कार्यान्वयन गर्नमा समयको चाप साथै निति तथा कार्यक्रम कार्यान्वयनको समयमा चाडपर्व र राष्टिय पर्वको रुपमा ३ वटा निर्वाचनहरु समेत सम्पन्न गर्नु पर्ने र छोटो समयमा निति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्नु पर्ने बाध्यात्मक अवस्थाका कारण जनप्रतिनिधि र कर्मचारीहरु विच अभिमुखिकरण,उपभोक्ता समितिहरुमा अभिमुखिकरण, योजना संचालन प्रकृयाहरुको वारेमा अभिमुखिकरण, प्राविधिक कर्मचारीहरुको ब्यावस्थापन, नया संरचना र संचालन प्रकृया, कानुनको अभाव, नया संरचना र नया अनुभव लगायतको कारणले प्रभावकारी रुपमा निति तथा कार्यक्रमहरु र बजेट कार्यान्वयनका समस्याहरुको विचमा काम गर्नु परेकाले केही कार्यान्वयनमा असहजता महसुस गर्नु पर्‍यो तथापी प्राविधिक स्टीमेट अनुसार प्रभावकारी अनुगमन,मुल्यांकन सहित आवस्यक प्रकृयाहरु पुरा गरी योजना संचालनको कार्य अवलम्बन भई आफ्नो गाउ आफै बनाऔ भन्ने नाराका साथ बजार क्षेत्रमा४० प्रतिशत साझेदारी सहितको कार्य नमुनाको रुपमा कार्य सम्पन्न भएकोछ ।
- छथरे नागरीकहरुको भाग्य र भविष्य बोकेको सिधुवा शुक्रवारे सडक अलपत्र अवस्थाले बेहोरेको हैरानीलाई सहज बनाउन कार्यापालिकाको पहिलो बैठकको निर्णाय र निति तथा कार्यक्रममा प्राथमिकताका साथ राखिएको विषयलाई मध्यनजर गरी नागरीक र बजार सम्वन्धलाई नजिक तुल्याउन अनेक चुनौतिको सामना सहित बाह्रै महिना यातायात संचालन हुने अवस्था श्रीजना भई साना तथा ठुला सवारीसाधनहरु सहज रुपमा आवतजावत गर्न थाल्ने अवस्था बनि समृद्धिको पाईला सुरुवात भएको आभाषको रुपमा कार्य उपलब्धी भएको अवस्था छ साथै सुख्खाग्रस्त क्षेत्रमा आप लिचि अनार को पकेट क्षेत्र निर्माणका लागी लगानी गरी प्रयास सुरुवात भई कृषिमा आधुनिकीकरणका लागी कृषि औजार वितरण सहित प्लाष्टिक पोखरी,टनेल, विउविजन, वितरणले उत्पादनमा जोड दिने कार्यको थालनी भएको र साततले धाम,मालिंग गुम्बा,गुरुंग गुम्वा,भ्यू पार्क,वालउद्यान,थाक्चोलुंग,पञ्चकन्या गढी,ताक्लुंग,हनुमाने ढुंगा, चंगलुंग गुफा, .पिक्निक स्पोट लगायतको स्थानमा पर्यटकीय स्थल निर्माणको कार्यले र राष्टिय कराते प्रतियोगिताले पर्यटन प्रवर्दन सगै आर्थिक विकासमा टेवा पुर्याउने संकेत उपलब्धिको रुपमा देखा परेकोछ ।

## ख) सामाजिक विकास

- नेपालको संविधान २०७२ कार्यान्वयन गर्ने पहिलो वर्ष, संघियता कार्यान्वयन गर्ने अभ्यास स्वरुप प्रारम्भ वर्ष, राजनैतिक संक्रमण पुरा गरी मुलुक आर्थिक सामाजिक रुपान्तरण सगै समृद्धिको पाईला चाल्ने वर्ष, नया युगमा प्रवेष गर्ने पहिलो वर्षमा स्वाभाविक रुपमा प्रसासनिक संक्रमणकाल रहेकाले कानुनी अन्यौलता, कानुनी अभावका विच सामाजिक विकासका कार्यहरु कार्यान्वयन गर्नु परेकाले निति तथा कार्यक्रममा उल्लेख भएको सम्पुण अंश कार्यान्वयन गर्नमा समस्या उत्पन्न भएता पनि शिक्षा ऐन निर्माण गरी पारित भएको अवस्थामा छ । माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरी कार्यान्वयन भईरहेको, पालिका स्तरमा नै करार शिक्षक नियुक्ती प्रकया सहित कक्षा ८ परिक्षा ब्यावस्थापन तथा संचालन, प्र.अ. बैठकहरु, वाल विकास केन्द्र ब्यावस्थापन लगायतको कार्यहरु शिक्षा शाखा मार्फत परिचालन गर्न सफल भएको अवस्था हो । ६ वटै वाडाहरुमा खेलकुद कार्यक्रमहरु संचालन भएको र राष्टिय कराते प्रतियोगिता गाउपालिका अध्यक्ष कप को रुपमा अयोजना गर्न सफल भई पालिकाको परिचय राष्टिय रुपमा दिन सफलता प्राप्त भएको विषय गाउपालिका वासीका लागी गर्वको कुरा हो । स्वास्थ्य जागरण अभियान, घरदैलो जेष्ठ नागरीक स्वास्थ्य परिक्षण अभियानहरु नमुनाको रुपमा कार्यक्रम संचालन हुन उपलब्धिमुलक नै बन्यो । गैससहरु सगको साझेदारीतामा गाउपालिकाको गुरु योजना, लगुउद्यम गुरु योजना, सडक गुरु

योजना निर्माण हुन पनि समयको चाप को विचमा सफलता प्राप्त भएको छ । केहि लक्षित वर्ग कार्यक्रमहरु र शैक्षिक कार्यक्रमहरु समय अभावका कारण सम्पन्न हुन सकेनन ।

## ग)पुवर्वाधार क्षेत्र

- समृद्धिको पहिलो आधार पुर्वाधार विकास हो । पुर्वाधार विना समृद्धि सम्भव छैन तसर्थ पुर्वाधार विकास लाई मुल प्राथमिकताका साथ आ.व. ०७४।०७५ को निति तथा कार्यक्रममा समावेस गरिएको थियो । २० वर्ष जनप्रतिनिधि विहिनताको अवस्थामा साविक स्थानिय निकायहरु संचालनमा रहेको, लामो समय पछि निर्वाचित जनप्रतिनिधिहरु सग जनताको आपेक्षा र विकासको चाहानाको थाक  लागेको अवस्था आफैमा सम्बोधनको चुनौति भएता पनि समृद्धिको जग बसाउने प्रयास स्वरुप योजना बद्ध सूरुवाति वर्षको रुपमा पुर्वाधारको क्षेत्रमा कामको थालनी भएको छ । पुर्वाधारका कार्यहरुलाई अल्पकालिन योजना, दिर्घकालिन योजनाका रुपमा संचालन गरिएका छन । खास गरी गाउपालिकाको प्रमुख समस्याको रुपमा रहेको खानेपानी समस्या समाधानका लागी भै रहेको श्रोतहरुको उचित ब्यावस्थापन सहित विभिन्न विकल्पहरुको खोजी गरी डिप बोरिंङ मार्फत खानेपानी ब्यावस्थापनका को काम सफलता पुर्वक सम्पन्न गरी हाहाकार क्षेत्र वाडा नम्वर ३ वाडा नम्वर ४ वाडा नम्वर ५ र बजार क्षेत्रमा वितरण कार्य प्रारम्भ भएको कार्यलाई सफलताको रुपमा लिएको छ । उज्यालो छथर अभियान मार्फत मिटर बक्स, कालोतार, वितरण कार्यको प्रारम्भ,सहरीकरणका लागी ढल निर्माण, सडक मापदण्ड तोकी कार्यान्वयन, टोल विकास समिति गठन, गरिव परिवारमा जनता आवास कार्यक्रमका लागी जस्तापाता वितरण लागी तत्थ्यांक संकलन गरी वितरणका तयारी, गरीवि न्यूनिकरण का लागी विभिन्न आयआर्जन मुलक, शिप विकास तालिमजस्ता कार्यहरु सहित सामुदायिक भवन, खेलमैदान निर्माणका कार्यहरुले समृद्धिको जग बसाल्ने प्रारम्भ वर्षको रुपमा लिन सकिन्छ । गाउपालिकाको कुल २४५ वटा योजनाहरुमा २३२ वटा योजना सम्पन्न भएको ७ वटा योजना क्रमागत रहेको र ६ वटा योजनाहरु संचालन हुन नसकेको अवस्था रहेका छन ।

## घ) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

- सुखि नेपाली समृद्ध नेपाल भन्ने नारालाई सार्थकता प्रदान गर्न नेपालको संविधान २०७२ ले संकल्प गरेका सपनालाई साकार पार्न योजनाका साथ निति तथा कार्यक्रममा गाउपालिकामा हरियालि प्रवर्दन गर्नका लागी ईलाका वन कार्यालय मार्फन हरियाली  प्रवर्दनका लागी विरुवा वितरण कार्य, फोहोर ब्यावस्थापनका लागी डस्वीन खरिद, डम्पींग साईड ब्यावस्थापनका लागी पहल, निलो आकासे कलर बजार निर्माणको थालनी, सार्वजानिक जग्गामा बजार ब्यावस्थापनका लागी निर्णाय र योजना निर्माण, विपत राहत वितरण, प्राथमिक उपचार तालिम जस्ता कार्य प्राथमिकताका साथ क्रमागत रुपमा संचालन हुने गरी थालनी भएको र यसलाई आगामी वर्ष निरन्तरताका साथ थप प्रभावकारी योजना सहित निति तथा कार्यक्रम र बजेट तयार गरी लागु गर्नु पर्ने महशुष भएको छ ।

## ङ)संस्थागत विकास सेवा प्रवाह र शुसासन

- नया संरचनामा पहिलो वर्ष अध्यास भएकाले संस्थागत विकासमा कार्यालय ब्यावस्थापन, कर्मचारी, प्राविधिक कर्मचारी ब्यावस्थापन, काम कर्तब्य र अधिकार लगायतको क्षेत्रमा अन्योलताका कारण सेवा प्रवाहमा केही जिज्ञासा भएता पनि छोटो समयमा भईरहेको भवनलाई ब्यावस्थापन, सेवा करारमा कर्मचारी ब्यावस्थापन, २ पटक खर्च सार्वजानिक, सभा सम्पन्न पश्चात बजेट सार्वजानिक, विद्युतिय हाजिरी प्रणाली अवलम्बन, वेवसाईट संचालन, फेसवुक पेज संचालन, लगायतका कार्यहरु भएको अवस्था छ । आगामि दिनमा थप प्राथमिकताका साथ सुधारमा प्रयास गर्नु पर्नेछ ।

# खण्ड २
# छथर गाउँपालिकाको
# आगामी आ.व. ०७५।०७६ को निति तथा कार्यक्रम
**छथरे जनताको सपना, समृद्ध छथरको स्थापना ।**

आदारणिय दाजुभाई तथा दिदि बहिनीहरु ।
हार्दिक न्यानो अभिवादन ।
संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत भएका छन् । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदान गर्नुहुने सहिदहरू प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपुर्ण चरण र नया युगको थालनीको रुपमा स्थानिय तहको निर्वाचन सम्पन्न भई संघियता,समृद्धि र समाजवादको आधारशिला निर्माणमा ऐतिहासिक योगदान पुगेको छ तसर्थ समृद्ध र सबल छथर गाउपालिका निर्माण गर्न जग बसाल्ने यस एतिहासिक अवसरका लागी सम्पुर्ण छथरवासी जनतामा हार्द्धिक आभार सहित साथ सहयोगको उच्च सम्मान गर्दे धन्यवाद दिन चाहान्छु ।

छथरे जनताको साथबाट  लोकतान्त्रिक प्रक्रियाबाट स्थानिय सरकार निर्माण भएपछि पहिलोपटक यस सम्मानित सभाबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो अवसरलाई गौरव महसुस गर्दछु। जनताको लामो बलिदानपूर्ण संघर्ष र प्रमुख राजनीतिक दलहरूको एकता र सहकार्यबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने त्यस ऐतिहासिक समयको यस घडिमा सुखद स्मरण समेत गर्न चाहन्छु ।

छथर गाउपालिका आफैमा लामो ऐतिहासिक पृष्टभुमि बोकेको भुमि भएकाले यस भित्रका परम्परागत पेशा,ब्यावसाय,कृषि,अन्य आर्थिक सामाजिक, सास्कृतिक,धार्मिक आस्थाहरुसग जोडिएका पहिचानमा रहेका पर्यटकिय स्थलहरुलाई संरक्षण,प्रवर्द्धन र ब्यावसायिकरण  गरी छथरे जनताको जिविकामा सहज बनाउदै समृद्ध छथर निर्माणको जग बसाल्ने थालनिको रुपमा यस सभा मार्फत निति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिरहेको छु ।

जनताको स्वशासन प्रत्याभुत गर्दे जनताको घरआगनमा पुग्न सके मात्रै लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर म सधै अधिकार सम्पन्न स्थानिय सरकारको पक्षमा दृढताका साथ पैरवि गर्नेछु । समावेशी प्रतिनिधित्व र विकास निर्माण एवम साधन श्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्रलाई सुदृढ गर्न सक्ने विश्वासका साथ **आफ्नो गाउ आफै बनाऔ** कार्यक्रमलाई अगाडी बढाउदै हरेक योजनाहरुमा स्थानियको ४० प्रतिशत जनसहभागितालाई सुनिश्चित हुने गरी कार्यक्रम संचालन गरिनेछ ।

छथरे जनताको विकास र समृद्धिको चाहनालाई साकार पार्ने र समृद्ध छथर निर्माण गर्ने जगको रुममा पहिलो प्रयास स्वरुप यस छथर गाउँपालिका क्षेत्रभित्र आ.व.०७४/०७५ मा देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु ।

**छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम**

# छथर गाउँपालिकाको
# आ.व. ०७५।०७६ को
# वार्षिक नीति तथा कार्यक्रम

**छथरे जनताको सपना, समृद्ध छथरको स्थापना ।**

आदारणिय दाजुभाई तथा दिदि बहिनीहरु ।
हार्दिक न्यानो अभिवादन ।
संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत भएका छन् । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदान गर्नुहुने सहिदहरू प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपुर्ण चरण र नया युगको थालनीको रुपमा स्थानिय तहको निर्वाचन सम्पन्न भई संघियता,समृद्धि र समाजवादको आधारशिला निर्माणमा ऐतिहासिक योगदान पुगेको छ तसर्थ समृद्ध र सबल छथर गाउपालिका निर्माण गर्न जग बसाल्ने यस एतिहासिक अवसरका लागी सम्पुर्ण छथरवासी जनतामा हाद्धिक आभार सहित साथ सहयोगको उच्च सम्मान गर्दै धन्यवाद दिन चाहान्छु ।

छथरे जनताको साथबाट  लोकतान्त्रिक प्रक्रियाबाट स्थानिय सरकार निर्माण भएपछि पहिलोपटक यस सम्मानित सभाबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो अवसरलाई गौरव महसुस गर्दछु। जनताको लामो बलिदानपूर्ण संघर्ष र प्रमुख राजनीतिक दलहरूको एकता र सहकार्यबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने त्यस ऐतिहासिक समयको यस घडिमा सुखद स्मरण समेत गर्न चाहन्छु ।

छथर गाउपालिका आफैमा लामो ऐतिहासिक पृष्टभुमि बोकेको भुमि भएकाले यस भित्रका परम्परागत पेशा,ब्यावसाय,कृषि,अन्य आर्थिक सामाजिक, सास्कृतिक,धार्मिक आस्थाहरुसग जोडिएका पहिचानमा रहेका पर्यटकिय स्थलहरुलाई संरक्षण,प्रवर्द्धन र ब्यावसायिकरण  गरी छथरे जनताको जिविकामा सहज बनाउदै समृद्ध छथर निर्माणको जग बसाल्ने थालनिको रुपमा यस सभा मार्फत निति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिरहेको छु ।

जनताको स्वशासन प्रत्याभुत गर्दै जनताको घरआगनमा पुग्न सके मात्रै लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर म सधै अधिकार सम्पन्न स्थानिय सरकारको पक्षमा दृढताका साथ पैरवि गर्नेछु । समावेशी प्रतिनिधित्व र विकास निर्माण एवम साधन श्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्रलाई सुदृढ गर्न सक्ने विश्वासका साथ **आफ्नो गाउ आफै बनाऔ** कार्यक्रमलाई अगाडी बढाउदै हरेक योजनाहरुमा स्थानियको ४० प्रतिशत जनसहभागितालाई सुनिश्चित हुने गरी कार्यक्रम संचालन गरिनेछ ।

## छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

छथरे जनताको विकास र समृद्धिको चाहनालाई साकार पार्ने र समृद्ध छथर निर्माण गर्ने जगको रुममा पहिलो प्रयास स्वरुप यस छथर गाउँपालिका क्षेत्रभित्र आ.व.०७४/०७५ मा देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु ।

### १. आर्थिक विकास : छथरे जनताको समृद्धि : कृषि र पर्यटनमा आर्थिक बृद्धि ।

**१.१ बजेट तथा स्रोत परिचालन सम्बन्धी**

क) बजेट खर्च तथा कार्यक्रम कार्यान्वयन/संचालन सम्वन्धि समायवधि किटान भएको कार्ययोजना सहित अभिमुखिकरण तथा तालिमको आयोजना गरी कार्यक्रम संचालन गरी लाागु गरिनेछ ।

ख) संचालित आयोजना/कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न स्थलगत नियमित अनुगमन, प्राविधिक मुल्याङ्कन लगायत आवश्यक कार्यहरु गरिनेछ ।

ग) कार्यक्रम कार्यान्वयन कार्ययोजना बमोजिम काम भए नभएको वा बजेट खर्च भए नभएको र गुणस्तर सुनिश्चित भए नभएको आधारमा कर्मचारीहरुको सेवा सुविधा तथा प्रोत्साहन निर्धारण र दण्ड सजायको व्यवस्था गरिनेछ ।

ङ) पहिचानमा रहेका सम्भावित पर्यटकिय स्थलहरुको संरक्षण र प्रवर्द्धन गर्दै आन्तरिक आयमा बृद्धि गरिनेछ ।

च) आयोजना कार्यक्रम छनौट गर्दाकै अवस्थामा आम उपभोक्तालाई सम्वन्धित वडा समिति/कार्यालयबाट अभिमुखिकरणको व्यवस्था गरिनेछ ।

छ)आयोजना कार्यक्रम कार्यान्वयन पश्चात सम्वन्धित प्राविधिकको मुल्याङ्कन तथा सम्वन्धित वडा अध्यक्ष वा वडासदस्यज्यूहरुको स्थलगत मुल्याङ्कन प्रतिवेदनका आधारमा मात्र भुक्तानीको व्यवस्था गरिनेछ ।

झ) परम्परागत करका अतिरिक्त हाल अभ्यासमा रहेका नयाँ र वैज्ञानिक कर प्रणाली (जस्तै : एकिकृत सम्पत्ति कर) को सरकारी ऐलेनीमा बनेका घरहरुमा प्रगतिशिल कर लागु गरी कार्यान्वयन मार्फत आन्तरिक आय बृद्धि गरिनेछ ।

ट) हरेक योजना संचालन गर्नका लागी आफ्नो गाउ आफै बनाऔ नाराका साथ ४० प्रतिशत स्थानिय जनश्रमदान अनिवार्यता गराई दिगो विकासमा जोड दिईनेछ ।

**१.२ कृषि विकास**

क) छथर क्षेत्रको कृषि विकासको उच्च सम्भावनालाई मध्यजनर गरी हावापानी, उचाई र सम्भाव्यताको आधारमा गर्न सकिने क्रियाकलापहरु समेटी आगामी ५ वर्षको लागि कृषि विकास रणनीति तयार गरिनेछ ।

ख) प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनालाई विगतको तुलनामा ४ स्थानमा नयाँ पकेट क्षेत्र तोकि विस्तार गरिने र पकेटहरुलाई ब्लकको रुपमा विकास गरी कृषि उत्पादनमा जोड दिईनेछ ।

ग) कृषि विकास शाखा/कार्यालयबाट प्रस्तावित कार्यक्रमहरुको प्रभावकारीताका लागी कार्यायोजना निर्माण गरी प्रभावकारी अनुगमन र प्रतिवेदनको अवस्थालाई कार्यान्वयनमा ल्याई सेवा र उत्पादनमा प्रभावकारीता ल्याईनेछ ।

घ) कृषि सम्वन्धि कार्यक्रम छनौट गर्दा कृषकको माग बमोजिमका आयोजना , त्यसको कार्यान्वयनसिलता, त्यसबाट प्राप्त हुने प्रतिफल समेतको आधारमा गरिनेछ ।

ज) कृषकहरुलाई बेमौसमी तरकारी उत्पादन, फलफुल, विउ विजन, विषादी आदि कार्यमा प्रोत्साहन गर्नका लागि विशेष राहत र अनुदानको व्यवस्था मिलाईनेछ ।

झ) गाउपालिकाको परिवेष र माटोको प्रकृति अनुसार फलफुलको पकेट क्षेत्र र तरकारी पकेट क्षेत्र, अकवरे खुर्सानी पकेट क्षेत्र, प्रवर्द्धन गर्ने कार्य अगाडी बढाईनेछ ।

ञ) कृषि व्यवसायलाई दिगो र परिणममुखी वनाउन सुख्खा ग्रस्त क्षेत्रहरुमा राहत स्वरुप एक घर एक प्लाष्टिक पोखरी सहित आकासे. पानी संकलन कार्यलाई अगाडी बढाईनेछ साथै तरकारी पकेट क्षेत्र निर्माणकालागी एक घर एक टनेल कार्यक्रम लागु गरीनेछ ।

ट) स्थानीय स्तरमा उत्पादित कृषि उपजलाई सहज रुपमा बजारीकरण र विक्री वितरणको व्यवस्था मिलाउन कृषि हाट बजार, कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ ।

## छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

ठ) स्थानीय स्तरमा कम्पोष्ट र गडेउले मलको उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ । र सो सम्वन्धि लघु वा मझौला उद्योग गाउँपालिका स्वयंले वा लागत सहभागितामा (निजी क्षेत्र, सहकारी क्षेत्र वा गैरसरकारी संस्था आदिको) स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

ठ) यस छथर गाउँपालिकाको कृषि सेवा केन्द्र मार्फत करारमा परिचालित कृषि प्राविधिकहरुको आवस्यक ब्यावस्थान सहित कार्यायोजनाको आधारमा कार्य सम्पादनको ब्यावस्था मिलाई प्राविधिक सेवामा ब्यावस्थीत गरिनेछ ।

**१.३ पशु पंक्षी विकास सम्बन्धी**

क) खुला र अव्यवस्थित पशुबधशालाको कारणबाट मानव स्वास्थ्यमा हुन सक्ने हानी नोक्सानीलाई न्युनिकरण गरी संविधान प्रदत्त स्वास्थ्य सम्वन्धि हकको प्रचलन तथा गुणस्तरीय र स्वस्थ वस्तु उपभोग गर्न पाउनु पर्ने उपभोक्ताको अधिकारलाई सम्मान गर्दै शुक्रवारे बजार क्षेत्र आसपासमा एक व्यवस्थित बधशाला स्थापना गरिनेछ ।

ख) गाउपालिकालाई माछा मासु फुल र दुग्ध मा आत्मा निर्भर बनाउनमा विसेष कार्यक्रम सहित योजना बनाई लागु गरीनेछ ।

ग) स्थानीय बजार क्षेत्रभित्र स्वच्छ र सफा मासुजन्य पदार्थ विक्री वितरणका लागि आवश्यक सचेतनात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक क्रियाकलाप संचालन गरिनेछ ।

घ) व्यवसायिक रुपमा पशुपालन प्रवर्द्धनका लागि स्थान विशेषका आधारमा डाले तथा भुईघांस नर्सरी स्थापना गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

ङ) यस छथर गाउँपालिकाको पुश सेवा केन्द्रमा रहेको पशु प्रयोगशालालाई अझ बढी व्यवस्थित र साधन सम्पन्न गराई पशु रोगको आधारभुत उपचार स्थानीय स्तरमानै उपलब्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ । साथै पशु प्राविधिकहरुलाई ल्याव संचालन र पशु रोगको उपचार र निदान सम्वन्धि तालिम उपलब्ध गराइनेछ ।

च) गाउपालिका केन्द्रको विद्यालय श्री सरस्वति माध्यमिक विद्यालयमा पशु विज्ञान सग सम्वन्धित प्राविधिक धारको पठन पाठन ब्यावस्थापनको लागी आवस्यक सहयोग गरी पशु प्राविधिक उत्पादनमा जोड दिईनेछ ।

**१.४ नागरिकको आयआर्जन सम्बन्धी**

क) छथर क्षेत्र मुलतः कृषि पेशामा आधारित रहि जिविकोपार्जन गरिरहेका नागरिकहरुको वसोवास रहेको क्षेत्र भएको कारण आय आर्जनलाई वढाउनको लागि कृषि र पुशपालन क्षेत्रकै दिगो विकास र व्यवसायिकरण गरी यसका लागी कृषि र पशु विकास कार्यक्रमहरुलाई नतिजामुलक ढंगले प्रभावकारी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाईनेछ ।

ख) गाउपालिकाका हरेक नागरीकको भाग्य र भविष्य सग जोडिएको सिधुवा शुक्रवारे सडकलाई बाहै महिना संचालन हुने अवस्था श्रीजना गर्ने र हरेक वडालाई जोड्ने सडकलाई कम्तिामा पनि वाहै महिना संचालन हुन सक्ने गरी स्तरोन्नती गर्ने प्रयास गरी कृषक र बजार विचको दुरीलाई कम गर्ने तथा कृषकको पहुंच बजार सम्म पुऱ्याउनका लागि आवश्यक कार्य गरिनेछ ।

ग) स्थानीय उत्पादनलाई तत्काल बजारमा लगि विक्री वितरणको अवस्था सृजनाका लागि शुक्रवारेमा प्रत्येक औंसी र पुर्णिमामा लाग्ने हाट बजार स्थललाई ब्यावस्थीत गरी कृषकलाई सहजता प्रदान गरिनेछ ।

घ) वैदेशिक रोजगार, शहर र स्थानीय बजारमुखी वसाइसराई, कृषि प्रतिको मानिसको दृष्टिकोण आदिका कारण प्रशस्त मात्रामा रहेको बांझो जमिनको उपयोगका सम्वन्धमा आवश्यक नीति ल्याइनेछ । कृषि योग्य जमिन उपयोग नगरे वापत अतिरिक्त कर सम्वन्धित जग्गाधनीबाट असुल उपर गर्ने व्यवस्था मिलाइनेछ ।

च) कृषि संग संगै साना तथा मझौला उद्योगको सम्भाव्यताका आधारमा यहांका जनतालाई उद्योग स्थापना र संचालनका लागि प्रोत्साहन गर्न आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

**१.५ स्रोतहरुको पहिचान सम्बन्धी**

क) संघीयता आफैंमा खर्चिलो शासकीय व्यवस्था भएको सन्दर्भमा स्थानीय तह संचालन गर्न तथा आन्तरिक श्रोतलाई मजवुत वनाई स्वनिर्भरता तर्फ उन्मुख वनाउने दिशामा आवश्यक श्रोत पहिचानाको कार्यलाई अगाडि वढाईनेछ ।

ख) साविकमा प्रचलन र अभ्यासमा रहेका आन्तरिक श्रोतहरुलाई (विशेष गरी कर र गैर कर राजस्वका दर र दायरा) नयाँ संरचना अनुकुल हुने गरी पुनरावलोकन गरी संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहि नयां करका दर र दायराका सम्वन्धमा आवश्यक नीतिगत निर्णय गरिनेछ ।

ग) यस छथर क्षेत्रभित्र उपलब्ध प्रकृतिक श्रोत साधनहरुको उपयोगबाट गाउँपालिकालाई प्राप्त हुन सक्ने आर्थिक श्रोतको सम्भावनालाई ध्यानमा राखि प्रचलित संविधान र कानूनले दिएको अधिकारको सिमा भित्र रहि विज्ञद्धारा श्रोतको परिमाण र त्यसबाट प्राप्त हुन सक्ने प्रतिफलका वारेमा विस्तृत अध्ययन गराइ थप श्रोत पहिचान गरिनेछ ।

घ) हाल सम्म यस गाउँपालिकामा (साविक गाउँ विकास समिति रहंदाको अवस्थामा) नगन्य मात्रामा अभ्यास र प्रचलनमा रहेको धार्मिक, ऐतिहासिक, सांस्कृतिक आदि पर्यटकीय क्षेत्र को पहिचान, साहसीक पर्यटनको पहिचान र प्रवर्द्धन, भ्युटावरको निर्माण र प्रचार प्रसार, होमस्टेको स्थापना र प्रवर्द्धन आदि जस्ता क्रियकलाप र कार्यक्रम संचालन गरी त्यसबाट आन्तरिक आयश्रोत बढाउने दिशामा आवश्यक कार्य अघि बढाईनेछ ।

## २. सामाजिक विकास सम्वन्धि

### २.१. शिक्षा तथा खेलकूद सम्बन्धी

क) छथर क्षेत्रको शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्न शिक्षा शाखा/कार्यालयलाई जिम्मेवार तुल्याइनेछ । आवश्यकता अनुसार शिक्षा शाखा/कार्यालयको प्रमुख वा संयोजक संग निश्चित परिणाम प्राप्त गर्ने गरी कार्यसम्पादन संझौता गरिनेछ र आवश्यकता अनुसार निजलाई विद्यालयका प्रध्यानाध्यापक संग पनि कार्यसम्पादन गर्ने वातावरण तयार गरिनेछ ।

ख) विद्यालय जाने उमेर पुगेका तर विद्यालय नगएका वालवालिकाहरुलाई विद्यालय सम्म पुग्ने वातावरण निर्माणका लागि जनप्रतिनिधिहरु र संवन्धित अभिभावक विचमा अन्तरक्रिया र सचेतनाका कार्यक्रम संचालन गरी सत प्रतिशत विद्यालय भर्ना सुनिश्चित गाउपालिका घोषणा गरिनेछ ।

ग) गाउपालिका भित्रका विद्यालयहरुमा अघिल्लो आवमा सुरुवात गरीएको विद्युतिय हाजिरी प्रणालिलाई सबै विद्यालयमा लागु गरी हाजिरी प्रणालिलाई सतप्रतिसत कार्यान्वयन गरिनेछ ।

घ) नियमित रुपमा श्रोतव्यक्तिहरुलाई विद्यालयको सघन अनुगमन गर्न उत्प्रेरित गरिनेछ । साथै निजहरुले आफुलाई तोकिएको जिम्मेवारी कुशलतापुर्वक निर्वाह गरे नगरेको विषयलाई निजहरुको सेवा सुविधा, तालिम, अध्ययन भ्रमण तथा बृत्ति विकास जस्ता पक्षहरुसंग तादात्म्यता कायम गरिनेछ ।

ङ) गाउपालिकाबाट जारी भएको शिक्षा ऐनलाई कार्यान्व्यनमा ल्याईनेछ र शिक्षा शाखा/कार्यालय, श्रोत केन्द्र, श्रोत व्यक्ति, विद्यालय र शिक्षकहरुले तोकिएको जिम्मेवारी पुरा गरे नगरेको विषयमा जनप्रतिनिधि र आवश्यक परेमा विज्ञको समेत सहयोग लिई स्थलगत निरीक्षण र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइनेछ । साथै अनुगमनकर्ताले दिएको प्रतिवेदनको आधारमा त्यस्ता कार्यालय, विद्यालय, श्रोत व्यक्ति वा शिक्षकहरुलाई आवश्यक दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

च) शिक्षा क्षेत्रमा राज्यले राष्ट्रिय रुपमा निर्धारण गरेका लक्ष र संचाललित र प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयको अवस्थाका वारेमा निरन्तर जनप्रतिनिधि र आवश्यक परेमा विज्ञको समेत सहभागितामा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

छ) गाउपालिका भित्रका माध्यमिक विद्यालयहरुमा कम्फ्यूटर शिक्षकको दरवन्दि कायम गरी कम्फ्यूटर शिक्षालाई प्रवर्द्धन गरीनेछ साथै माध्यमिक विद्यालयहरुलाई क्रमश प्रविधि मैत्रि बनाउनमा जोड दिईनेछ ।

ज)खेलकुदको माध्यमद्धारा स्वस्थ, अनुशासित र मर्यादित जनशक्ति उत्पादन गरी गाउँ र देश विकासको आधार तयार गर्न विद्यालय, वालक्लव, युवा क्लव जस्ता माध्यम मार्फत खेलकुदका सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाइनेछ

झ) खेलकुदको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन भित्र्याउनका लागी राष्टिय स्तरका खेलकुद प्रतिपयोगिताको आयोजना गरिनेछ र खेलकुदको विकास गर्नका लागी भलिवल,फुटवल र कराते खेलको प्रशिक्षकको ब्यावस्था मिलाईनेछ ।

ञ) गाउपालिका भित्र लाग्ने मेला पर्व तथा चाडहरुमा खेलकुदको प्रतियोगितालाई प्रवर्दन गदै पालिका स्तरमा गाउपालिकि अध्यक्ष कपहरुको आयोजना गरीने साथै खेलाडी छनौट प्रतियोगिताहरुको आयोजना गरी खेलाडीहरुलाई खेल क्षेत्रमा उत्साहित गराउने कार्यक्रमहरु लागु गरीनेछ ।

ट)छथर गाउँपालिका भित्र निश्चित मापदण्डको आधारमा विद्यालय स्तरीय, क्लवस्तरीय, वडास्तरीय खेलकुद कार्यक्रमको आयोजना र संचालन गर्न आवश्यक सहयोग र सहजिकरणको व्यवस्था मिलाइनेछ ।

### २.२. विज्ञान तथा प्रविधी सम्बन्धी

## छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

क) छथर क्षेत्रमा विद्यमान परम्परागत खेती प्रणाली, व्यापार व्यवसाय, पशुपालन, तरकारी खेती, फलफुल खेती आदि जस्ता जिविकोपार्जनका माध्यमहरुलाई क्रमशः वैज्ञानिक र प्रविधि उन्मुख वनाउंदै लगिनेछ । त्यसका लागि आवश्यक तालिम, क्षमता अभिबृद्धि, कार्यक्रम संचालन आदिको व्यवस्था मिलाइनेछ ।

ख) राज्यले राष्ट्रिय रुपमा लिएका विज्ञान र प्रविधिका क्षेत्रका नीति तथा कार्यक्रमहरुलाई स्थानीय स्तरमा कार्यान्वयनको सहज वातावरण तयार गरिनेछ साथै गाउपालिकामा डिजिटल सुचना बोर्ड र एसएमएस सेवाको थालनी गरिनेछ ।

ग) स्थानीय स्तरमा उपलब्ध परम्परागत प्रविधिहरुलाई समय सापेक्ष रुपमा विकास र स्तरोन्नती गर्नका लागि आवश्यक प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ

घ) युवा जनशक्तिलाई स्थानीय स्तरमानै स्वरोजगार वनाउन उनिहरुको रुची र क्षमता अनुसारको पेशा वा व्यवसायलाई दिगो रुपमा संचालन गर्ने वातावरण तयार गर्न विज्ञान र प्रविधिको अवलम्वनका लागि प्रोत्साहन गरिनेछ ।

ङ) गाउँपालिका, वडाकार्यालय, विषयगत कार्यालयबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरुलाई प्रविधिको माध्यमबाट छिटो र प्रभावकारी रुपमा संचालन हुने व्यवस्था गरिनेछ । सार्वजनिक सेवालाई प्रविधिमैत्री तुल्याइनेछ ।

### २.३. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी

क) नेपालको संविधानले प्रत्याभुत गरेको स्वास्थ्य सम्वन्धि मौलिक हकको कार्यान्वयन गर्न आवश्यक पुर्वाधार, जनशक्ति र श्रोत साधनको व्यवस्था क्रमशः मिलाइनेछ ।

ख) यस गाउँपालिकाको वडा नं.२ स्थित स्वास्थ्य चौकिलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालको रुपमा विकास गर्ने गरी नेपाल सरकारबाट स्विकृत भएको कार्यक्रम तत्काल शुरु गराउन आवश्यक पहल गरिनेछ ।

ग) स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी र औषधिको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइनेछ ।

घ) नेपाल सरकारको नीति बमोजिम स्वास्थ्य संस्था १० बजे देखि ४ बजे सम्म नै खुल्ने व्यवस्था मिलाइनेछ । सो को प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

ङ) स्वास्थ्य शाखा/कार्यालयमा प्राप्त हुने बजेट र कार्यक्रमको अवस्था हेरी यस क्षेत्रको स्वास्थ्य सम्वन्धि सेवालाई प्रभावकारी रुपमा संचालन र व्यवस्थापन गरी नागरिकको स्वस्थ रुपमा वांच्न पाउने मौलिक हकलाई सार्थकता प्रदान गर्न गाउँपालिकाको तर्फबाट आवश्यकता र मागको आधारमा निश्चित रकम सहित कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

च) स्वास्थ्य शाखा मार्फत जेष्ठ नागरीक घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम लाई गाउपालिका साथी कार्यक्रमको रुपमा जेष्ठ नागरीकलाई औषधि उपचार कार्यक्रम सहित लौरो उपहार दिने कार्यक्रम लाई लागु गरिनेछ ।

छ) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा, तालिम, अध्ययन भ्रमण, बृत्तिविकास जस्ता पक्षहरुलाई उनिहरुले सम्पादन गरेको कार्य र त्यसको नतिजा तथा सेवाग्राही समेतको पृष्ठपोषणसंग तालमेल गराउने व्यवस्था मिलाइनेछ ।

ज) वर्षाको समय र अन्य प्रकोपको समयमा जनस्वास्थ्यमा हुन सक्ने सम्भावित जोखिम न्युनिकरण गर्न आवश्यक पुर्व तयारीको लागि उपलब्ध श्रोत, साधन र जनशक्तिलाई तयारी अवस्थामा राखिनेछ । साथै त्यस्ता प्रकोप र माहामारी फैलन नदिन प्राविधिक जनशक्ति र जनप्रतिनिधिसहितको quick response team को स्थापना गरी तयारी हालतमा राखिनेछ ।

झ) वर्षातमा पानि बाट हुने प्रकोप तथा माहामारी हुन नदिनका लागी खानेपानीको मुहानको पानी परिक्षण गर्ने प्रवन्ध मिलाई स्वस्च्छ खानेपानी पिउन पाउने नागरीकको मौलिक हक लाई सुरक्षित गरिनेछ ।

### २.४. लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी

क) सदियौं देखि समाजमा विद्यमान जातीय, लैंगिक, क्षेत्रीय आदि जस्ता विभेदलाई क्रमशः निस्तेज तुल्याउनका लागि आवश्यक चेतनामुलक र प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

ख) महिलाहरुलाई स्वआर्जन गर्न सक्षम तुल्याई आर्थिक रुपमा स्वयं निर्णय लिन सक्ने तुल्याउन तालिम, क्षमता अभिबृद्धि, स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ ।

ग) नेपाल सरकारले कानून बमोजिम सरकारी सेवामा महिलालाई अरक्षित गरेको कोटामा लक्षित वर्गको पहुंच विस्तारका लागि यस गाउँपालिका भित्रका इच्छुक महिला, दलित, जनजातीहरुको लागि लोकसेवा पुर्व तयारी कक्षाको संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

घ) महिलाबाट मात्रै संचालित स्वरोजगार उद्यमहरुको प्रवर्धन र उत्पादित सामानको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ । साथै गाउँपालिका र विषयगत शाखा/कार्यालयहरुले संभव भए सम्म स्थानीय स्तरमा उत्पादित र उपलब्ध वस्तु तथा सेवाहरुको खरीद र प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) छथर क्षेत्रको पहिचान झल्कने महिलाद्धारा स्थानीय स्तरमा उत्पादित वस्तुहरुको एकिकृत प्रदर्शनी र विक्री कक्षको स्थापनामा गाउँपालिकाले आवश्यक पहल र सहयोग गर्ने नीति लिइनेछ ।

च) गाउँपालिका र विषयगत कार्यालयमा आवश्यक पर्ने जनशक्ति/कर्मचारी भर्ना तथा छनौट गर्दा नेपाल सरकारले कानून बमोजिम तोकेको सीमा भित्र रहि निश्चित प्रतिशत कोटा महिलाका लागि छुट्याउने नीति लिइनेछ ।

**२.५. सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी**

क) यस गाउँपालिका भित्र विकास निर्माण, सचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको दर्ता तथा अभिलेख अद्यावधिक गरिनेछ । र त्यस्ता संस्थाहरुले कार्यक्रम संचालन गर्नु पुर्व आफ्नो प्रस्ताव, कार्यक्रम र बजेट सहित अनुमतिको लागि गाउँपालिकाको पुर्व स्विकृती लिनु पर्ने कानूनी व्यवस्था गरिनेछ ।

ख) सरकारी तथा गैरसरकारी संघ संस्थाले संचालन गरेका कार्यक्रमहरुको आवधिक प्रतिवेदन सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकामा बुझाउनु पर्ने व्यस्था गरिनेछ र गाउपालिकामा सरकारी तथा गैर सरकारी संघसस्थाहरुसग लगानी तथा साझेदारी गरी एक द्धार प्रणालीमा प्रभावकारी कार्यक्रम संचालन गरीनेछ ।

ग) गाउँपालिकाको आफ्नो श्रोतले अपुग हुने, तुलनात्मक रुपमा गरिवीको घनत्व ज्यादा भएको क्षेत्र, समुदाय, सेचतना र क्षमता अभिबृद्धि, पुर्ण अनुदान वा लागत सहभागितामा गरिने कार्यक्रम संचालनका लागि सरकारी तथा गैरसरकारी संघसंस्थालाई प्रोत्साहन र परिचालन गरिनेछ ।

घ) स्थानीय धर्म, संस्कृति, मुल्य मान्यता र परम्पराको विरुद्ध हुने वा समुदाय विच मनमुटाव वा द्धेस उत्पन्न हुन सक्ने खालका कार्यक्रम संचालनमा सरकारी तथा गैरसरकारी संघसंस्थालाई पुर्णतः निषेध गरिनेछ ।

## ३. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

**३.१.वातावरण संरक्षण तथा हरियाली प्रवर्दन सम्वन्धी**

क) यस गाउँपालिकाभित्र वातावरण संरक्षण र हरियाली प्रवर्धन गर्नका लागि यो नीति तथा कार्यक्रम गाउँसभाबाट पारित भएपछिको मितिबाट लागु हुने गरी प्रत्येक नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा कम्तिमा ५/१० वटा फलफुल वा अन्य कुनै उपयोगि विरुवा रोपेको प्रमाण पेश गरे पछि मात्र भवन निर्माणको लागि नक्सा पासको स्विकृती तथा भवन निर्माण अनुमती प्रदान गरिने नीति लिइनेछ ।

ख) गाउँपालिका क्षेत्रभित्र उपलव्ध सरकारी र सार्वजनिक बाँझो र पर्ति जग्गामा सरकारी, सहकारी र निजी क्षेत्र समेतको सहभागितामा व्यापक वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यस्ता पर्ति जग्गाहरुलाई आगामी ५ वर्ष भित्र बृक्षारोपण गरी हरीयाली पार्क, पिक्निक स्पट वा मनोरन्जनस्थलका रुपमा विकास गरी आन्तरिक आय बृद्धिमा सघाउ पुग्ने गरी विकसित र व्यवस्थित गर्दै लगिनेछ ।

ग) निजी वनका रुख विक्री गर्ने अनुमतिका लागि सम्वन्धित वडा कार्यालय वा गाउँपालिकाबाट सिफारिस माग गर्दा काटिएको रुखको संख्या वरावरको संख्यामा थप नयाँ विरुवा अनिवार्य रुपमा लगाउने व्यवस्था गरेर मात्र सिफारिस दिने व्यवस्था मिलाइनेछ ।

घ) यस गाउँपालिका क्षेत्रभित्र रहेका निजी वाँझो जग्गामा आय आर्जनमा सघाउ पुऱ्याउने खालका विरुवा रोप्न सम्वन्धित जग्गाधनीहरुलाई प्रोत्साहन गरिनेछ । र निजहरुलाई पुर्ण अनुदान वा लागत सहभागितामा विरुवा उपलव्ध गराउने व्यवस्था सम्वन्धित कार्यालयसंगको समन्वयमा मिलाइनेछ ।

ङ) हाल विश्वव्यापि रुपमा बढ्दै गइरहेको पृथ्वीको तापक्रमले जनजीवन, कृषि, खानेपानी, प्राकृतिकप प्रकोप जस्ता क्षेत्रमा पार्न सक्ने र पारिरहेको प्रतिकुल असरका वारेमा जनचेतनामुलक कार्यक्रम संचालन, श्रव्य दृष्य सामाग्री प्रशारण जस्ता कार्यक्रम संचालन गरी वातावरण संरक्षण र जलवायु परिवर्तन प्रति नागरिकलाई सचेत तुल्याइनेछ । यस्ता कार्यक्रममा गैरसरकारी संघ संस्था, सामुदायिक संघ संस्था, विद्यालय, वालक्लव, युवाक्लव जस्ता संयन्त्रको प्रभावकारी परिचालन गरिनेछ ।

च) वन तथा वातावरण संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार र जागरुक तुल्याउन सामुदायिक वन, कवुलियति वन तथा निजी वन संरक्षण र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

छ) सामुदायिक वन तथा कवुलियति वनमा पर्यटकिय स्थल प्रवर्द्धन गदै वन मार्फत आयआर्जन हुने खालका कार्यक्रमहरु संचालन गरीनेछ ।

**३.२. फोहोर मैला ब्यवस्थापन सम्वन्धी**

# छथर गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

क) हरेक व्यक्ति घर परिवार स्वच्छ र सफा रहे मात्र समाज, गाउँ र देश स्वच्छ र सफा हुने तथ्यलाई ध्यानमा राखि अफ्नो घर परिवार र समाज आसपासको फोहोर व्यवस्थापनमा स्वयं परिवार र समाजलाई जिम्मेवार तुल्याइनेछ । र सो अनुसार फोहोरमैला व्यवस्थापन उचित ढंगले नगरेको पाईएमा त्यस्ता परिवार र समाजमा आवश्यक सचेतना कार्यक्रमको संचालन गरिनेछ र सो पश्चात पनि अवस्थामा सुधार नआएमा जरिवाना वा दण्ड सजायको व्यवस्था गरिनेछ ।

ख) यस गाउँपालिकाको केन्द्र शुक्रवारे बजारबाट निश्कासन हुने फोहोरको उचित व्यवस्थापनमा स्वयं बजारवासीलाई जिम्मेवार तुल्याइनेछ । र फोहोरको मात्र अनुसार घरमै कम्पोष्ट मल बनाउने प्रविधिका वारेमा जानकारी गराउने, बढी भएको फोहोरलाई उचित स्थानमा व्यवस्थापन गर्न यस सम्वन्धमा राम्रो नतिजा प्राप्त गरेका नगरपालिकाको अभ्यासको समेत स्थलगत निरीक्षण गरी व्यवस्थित डम्पिङ्ग साइट प्रयोगमा ल्याउन आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

ग) नेपाल सरकारले प्रतिवन्धित गरेको प्लष्टिक झोलाको प्रयोगमा यस गाउँपालिकाले पनि संभावना र अध्ययन पश्चात विकल्पहरुको विकास गरी क्रमशः प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै जाने र निश्चित समय पश्चात यसको प्रयोगमा पुर्णरुपमा प्रतिवन्ध लगाउने नीति लिइनेछ साथै बजार केन्द्रका घरहरुमा डस्वीन सहित फोहोर ब्यावस्थापन तथा सरसफाईको कार्यक्रम लागु गरीनेछ ।

**३.३. गाउँको सौन्दर्यताको संरक्षण तथा विकास सम्वन्धी**

क) आफ्नो घर, गाउँ र समाजको सौन्दर्यताको संरक्षण र विकास सम्वन्धमा स्वयं स्थानीयलाई नै जिम्मेवार तुल्याइनेछ । यस्ता कार्यमा संचार माध्यम, स्थानीय नागरिक तथा सामुदायिक संगठनको परिचालन गरी जनचेतनाको कार्यक्रम संचालन गरिनेछ ।

ख) गाउँपालिका क्षेत्रभित्रका निश्चित स्थानमा ऐतिहासिक, धार्मिक, जातीय, सांस्कृतिक विशेषताको आधारमा सौन्दर्यकरणको कार्यक्रम संचालन गराई उक्त स्थानलाई होमस्टे, पर्यटकीय क्षे त्र जस्ता आय आर्जनमा टेवा पुग्ने खालका प्रचारात्मक र प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

ग) आफ्नो मौलिक बिशेषता र पहिचान वोकेको गाउँ वा वस्तिहरुको बृत्तचित्र वनाई संचार माध्यम र अन्य माध्यम मार्फत प्रचार प्रसारको व्यवस्था मिलाइनेछ ।

घ) हरेक घर परिवारले आफ्नो घर आंगन, करेसावारी र वरिपरिको क्षेत्रमा फुलवारी, बृक्षारोपण जस्ता सौन्दर्य बढाउने कार्य गर्न सम्वन्धित परिवार र स्थानीयलाई जिम्मेवार, जागरुक र प्रोत्साहित गर्ने नीति लिइनेछ ।

ङ) गाउपालिका केन्द्रमा निलो आकासे बजार बनाउन सबै घरहरुलाई प्रोत्साहन गरीनेछ र पार्क भ्यू पईन्टहरु निर्माण गरिनेछ ।

**३.४. वन संरक्षण सम्वन्धी**

क) सरकारी, सामुदायिक, कवुलियती तथा निजी वन संरक्षण र विकासका लागि नेपाल सरकारको नीति अनुरुप नै वन विकास शाखा/कार्यालयलाई सक्रिय र जिम्मेवार तुल्याइनेछ । ती कार्यालयका प्रमुखसंग वन संरक्षण सम्वन्धमा निश्चित लक्ष तोकि कार्यसम्पादन करार संझौता गर्ने व्यवस्था मिलाइनेछ ।

ख) विषयगत वन शाखा/कार्यालयका कर्मचारीहरुको कार्यसम्पादनलाई उनिहरुको सेवा सुविधा, बृत्ति विकास, तालिम जस्ता पक्षसंग तालमेल गरीने नीति लिइनेछ । र संझौता र लक्ष बमोजिम परिणाम प्राप्त नभएको अवस्थामा उल्लिखित विषय समेतमा दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ ।

ग) स्थानीय स्तरमानै वनजन्य अध्ययन अनुसन्धानको सम्भावना अध्ययन गरिनेछ । साथै सम्वन्धित कार्यालय मार्फत स्थानीयस्तरमा आवश्यक पर्ने विरुवाको नर्सरी स्थापना गरी कृषकलाई पर्याप्त विरुवा वितरण गर्न सक्ने गरी क्षमता विस्तार गरिनेछ । स्थानीयको माग बमोजिमका उच्च प्रतिफल दिने जातका विरुवा लागत सहभागितमा कृषकहरुलाई उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

घ) सामुदायिक, कवुलियती र निजी वन संरक्षणमा उत्कृष्ट कार्य गर्ने समुह र व्यक्तिलाई वार्षिक रुपमा पुरस्कार र सम्मानको कार्यक्रम गरिनेछ ।

**३.५. विपद पूर्व तयारी सम्बन्धी**

क) देशमा वर्षेनी भैरहने बाढी, पहिरो, आगजनी तथा भुकम्प जस्ता विपदबाट सृजित हुने मानवीय, भौतिक तथा पर्यापरणीय क्षति न्युनिकरण कार्यलाई चुस्त र दुरुस्त पार्नका लागि विपद व्यवस्थापन रणनीति तयार गरिनेछ ।

ख) विपद व्यवस्थापनको सन्दर्भमा विपद पुर्व गर्नु पर्ने तयारीका सम्वन्धमा नेपाल सरकारको नीति, रणनीति तथा स्थानीय रणनीति अनुरुप सुरक्षित खुला स्थान तोक्ने, अस्थायी आश्रय स्थलको व्यवस्था गर्ने, खानेपानीको उचित प्रवन्ध मिलाउनको लागि वैकल्पिक

व्यवस्थामा ध्यान दिने, तत्काल राहत उपलब्ध गराउन सक्ने गरी श्रोत साधन, जनशक्ति को पहिचान गरी तयारी अवस्थामा राख्ने जस्ता कार्य गरिनेछ ।

**३.६. विपदको समयमा गर्नुपर्ने कामहरु सम्वन्धी**

क) विपदको समयमा तत्काल उद्धार कार्यलाई प्रभावकारी वनाउन प्रहरी, प्रशासन, स्वयंसेवक तथा स्थानीयलाई तयारी अवस्थामा राख्न आवश्यक संयन्त्र तयार गरिनेछ ।

ख) घाइतेको तत्काल उपचारको व्यवस्था मिलाउन स्वास्थ्य कर्मचारी, स्वयंसेवक, औषधि तयारी अवस्थामा जगेडामा राख्ने व्यवस्था गरिनेछ । र अवस्था अनुसार एम्वुलेन्स समेतको प्रवन्ध गरिनेछ ।

ग) विपदको अवस्थामा तत्काल राहत वितरण गर्ने कार्यलाई प्रभावकारी वनाउन गाउँपालिकामा विपद व्यस्थापन कोषको स्थापना गरिनेछ । सो कोषमा रकम जम्मा गर्नका लागि स्थानीय उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था, चन्दादाता लाई आह्वान गरिनेछ । साथै खाद्यान्न लगायतका सामाग्री तत्काल उपलब्ध गराउन सक्ने गरी आवश्यक पुर्व तयारी गरिनेछ ।

घ) विपद व्यवस्थापनका समयमा गर्नु पर्ने कार्यका सम्वन्धमा सवैलाई सचेत तुल्याउन प्रत्येक वडामा वडा समितिको संयोजनमा वडास्तरीय विपद व्यवस्थापन समितिको गठन गरिनेछ । र निजहरुलाई विपद व्यवस्थापन सम्वन्धि अभिमुखिकरण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

**३.८. वन, वाताबरण र भूमी व्यबस्थापन**

क) छथर गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको उपयोगका सम्वन्धमा भूमी व्यवस्थापन सम्वन्धि नीति वनाई कार्यान्वयनमा ल्याइनेछ ।

ख) भूमि व्यवस्थापन नीतिको अधिनमा रहि यस गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक तथा निजी जग्गाको उपयोगका सम्वन्धमा क्लस्टर निर्माण गरी भूमिको प्रयोगका सम्वन्धमा आवश्यक निर्णय लिने व्यवस्था मिलाइनेछ । सो सम्वन्धमा खेतीयोग्य क्षेत्र, वसोवासको क्षेत्र, चरण क्षेत्र, वन क्षेत्र, पर्यटकीय क्षेत्र आदि जस्ता क्षेत्रमा भूमीको वर्गिकरणको व्यवस्था गरिनेछ

घ) भूमी व्यवस्थापन सम्वन्धि नीति निर्माण गर्दा तथा भुमीको वर्गिकरण गर्दा प्रचलित भूमी सम्वन्धि नेपाल कानून तथा नीति समेतलाई ध्यानमा राखि गरिनेछ ।

ङ) शुक्रवारे बजार लगायत अन्य बजार क्षेत्रमा अव्यवस्थित जग्गा प्लटिङ्ग तथा भवन निर्माण कार्यलाई तत्काल रोक लगाइनेछ । र भूमी व्यवस्थापन नीति तथा भवन निर्माण मापदण्ड तयार भई लागु नहुन्जेल सम्मका लागि सो नीति अख्तियार गरिनेछ ।

ङ) सार्वजनिक पर्ति जग्गाहरुमा बृक्षारोपण तथा वन संरक्षणका कार्यक्रम संचालन गरी सोबाट गाउँपालिकाको आन्तरिक आय विस्तार गर्ने तर्फ उपयोग गर्ने नीति लिइनेछ ।

## ४. पुर्वाधार विकास नीति

**४.१.अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी**

क) छथर क्षेत्रको समग्र विकास र समृद्धिको लागि पुर्वाधार, कृषि, पर्यटन, भूमि व्यवस्थापन, भवन निर्माण आदि क्षेत्रमा निर्माण भई रहेको रणनीति तथा गुरुयोजनाको निर्माण पुरा गरी कार्यान्वयनमा ल्याइनेछ ।

ख) माथि उल्लेखित गुरुयोजना र रणनीति बमोजिम प्रत्येक विषयगत क्षेत्रमा गर्नु पर्ने कामहरुलाई प्राथमिकताको आधारमा वर्गिकरण गरी श्रोत र साधनको सुनिश्चितता गर्दै क्रमश: कार्यान्वयनमा लाने व्यवस्था मिलाइनेछ ।

ग) गाउपालिकामा एक आकष्मिक कोष स्थापना गरी आकष्मिक कोष परिचालन कार्यविधि तयार गरी लागु गरीने र दिर्घ रोगी मुटु,क्यान्सर,मृर्गाला, लगायत दिर्घरोगीहरुलाई ५ हजार देखि २५ हजार सम्म सहयोगको ब्यावस्था. मिलाईनेछ ।

**४.२ उद्योग, वाणिज्य, श्रम, रोजगार तथा वजार व्यबस्थापन सम्बन्धी**

क) छथर क्षेत्रमा घरेलु, लघु तथा मझौला उद्योग स्थापनाको लागि आवश्यक नीतिगत र प्रशासनिक रुपमा उद्योग र लगानीमैत्री वातावरण निर्माण गरिनेछ ।

ख) उद्योग स्थापना गर्न चाहनेका लागि प्रस्तावित परियोजनाको अपेक्षित उपलब्धिको आधारमा गाउँपालिकाले केहि अंश ऋण वा अनुदानको व्यवस्था मिलाउनेछ साथै वैंक तथा वित्तीय संस्था र सहकारी संस्थाबाट धितो वा विना धितो ऋण लिंदा शर्त सहित जमानी वसिदिने नीति समेत लिइनेछ ।

ग) गाउँपालिकाले तोकेको क्षेत्र र विषयमा उद्योग संचालन गरी तोकेको संख्यामा रोजगारी प्रदान गर्ने उद्योगलाई करमा सहुलियत, अनुदान सहयोग जस्ता प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।

ज) गाउँपालिका क्षेत्रभित्र संचालित व्यापार व्यवसायको वर्गिकरण गरी तोकिएको व्यवसाय वा पसलमा तोकिए बमोजिमको वस्तु मात्र विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । उदाहरणको रुपमा किराना पसलमा अन्य वस्तु विक्री गर्न प्रतिवन्ध लगाइनेछ ।

ट) छथर क्षेत्रभित्र संचालित र संचालन हुन चाहने व्यापार वा व्यवसायलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरी मात्र व्यवसाय संचालन गर्न पाइने व्यवस्था गरिनेछ । र वार्षिक रुपमा निश्चित तोकिएको रकम करको रुपमा बुझाई नविकरण गर्ने/गर्नुपर्ने व्यवस्था समेत यसै आर्थिक वर्ष देखि कार्यान्वयमा ल्याइनेछ ।

ठ) स्थानीय शुक्रवारे बजार लगायत अन्य स्थानमा लाग्ने हाट बजारलाई सडकको पहुंमा ल्याई अन्य क्षेत्र र जिल्लाका व्यापारी समेत आउन सक्ने वातावरण निर्माण गरिनेछ र हाट बजारमा वस्तु तथा सामान भण्डार गर्न सकिने गरी भौतिक रुपमा व्यवस्थित तुल्याईनेछ ।

ड) हाट बजारको व्यवस्थितिकरणबाट गाउँपालिकाको आन्तरिक आय श्रोत बढाउने दिशामा समेत आवश्यक कार्य गरिने र बजार ब्यावस्थापनका लागी टोल विकास समिति गठन प्रकृयालाई पुर्णरुप दिई बजार विकास समिति र अब्यवस्थीत बजार ब्यावस्थापनका लागी एक आयोग गठन गरी परिचालनको आवस्यक कार्यविधि समेत तयार गरी बजारका घरहरुमा घर नम्वर वितरण सहित अभिलेख राखी पुर्जा वितरण सम्मको प्रकृया अगाडी बढाईनेछ ।

**४.३ कृषि, सिंचाई, सहकारी र गरिबी निवारण सम्बन्धी**

क) छथर क्षेत्रको समृद्धि र विकासको प्रमुख आधार भनेको कृषि नै हो । यसै तथ्यलाई ध्यानमा राखि यसै आर्थिक वर्ष देखि कृषि क्षेत्रमा प्रभावकारी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

ख) प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना मार्फत कृषकको जीवनस्तर उकास्न थप बजेट र कार्यक्रम प्रदेश र संघीय सरकार समक्ष प्रस्ताव र पहल गरिनेछ ।

ग) यस गाउँपालिकाको पुर्व र पश्चित तर्फको सिमानाबाट वग्ने तेलिया खोला र लम्वु खोलाको पानीलाई सदुपयोग गरी गाउँपालिकाको तल्लो सुक्खाग्रस्त क्षेत्रमा सिंचाईको प्रवन्ध गर्न आवश्यक बजेट विनियोजन का लागी प्रदेश र केन्द्रमा पहल गरीनेछ र यी आयोजना कार्यान्वियनको लागि प्रदेश तथा संघीय सरकार समक्ष समेत बजेट र कार्यक्रम प्रस्ताव गरिनेछ ।

घ) विश्वव्यापि रुपमा बढेको तापमानको बृद्धिको कारण पानीका मुहान सुक्दै गएको अवस्थामा ती मुहानको संरक्षण र व्यवस्थापनका लागि आवश्यक कदम चाली भैरहेको पानीको श्रोतको अधिकतम व्यवस्थापन गर्नका लागि हाल विकसित आधुनिक प्रविधिको सिंचाई प्रणाली (जस्तै : प्लाष्टिक पोखरी, थोपा सिंचाई आदि) को व्यापक अवलम्वन गरिनेछ ।

ङ) यस गाउँपालिकाको माथिल्लो क्षेत्रमा अधिक पानी पर्ने हुनाले वर्षाको समयको सो पानीलाई संकलन र संरक्षण गरी तल्लो क्षेत्रमा प्रयोग गर्न सक्ने गरी पुराना पोखरीको पुनःउद्धार, नयाँ पोखरीको निर्माण तथा ड्रेनेज र कुलो मार्फत समेत कृषि तथा सिंचाईमा प्रयोग गर्न सक्ने गरीका कार्यक्रम संचालन गरिनेछ ।

च) वैंक तथा वित्तीय संस्थाको पहुंच ग्रामिण तह र निम्न आयवर्ग सम्म पुग्न नसकेको वर्तमान अवस्थालाई ह्दयंगम गरी हाल यस क्षेत्रमा संचालित सहकारी संस्थाहरुको क्षमता र पहुंच अभिबृद्धि गरी वस्ति स्तर सम्म पुग्ने वातावरण तयार गरिनेछ । साथै एक घर एक सहकारी र एक घर एक खाताको कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । यस्ता कार्यक्रममा सम्वन्धित सहकारी संस्था र नागरिक संगठनहरुलाई परिचालन गरिनेछ ।

छ) सहकारी संस्थामा जम्मा भएको सर्वसाधारणको बचतको सदुपयोगका सम्वन्धमा सहकारी शाखा र सहकारी महासंघहरु सग समन्वय गरी आवश्यक परेमा सम्वन्धित विज्ञको समेत सहभागितामा सघन अनुगमनको व्यवस्था मिलाइनेछ । र कैफियत भेटिएमा कडा कारवाहिको व्यवस्था गरिनेछ ।

ज) बचत गर्नेको वानीको विकास गर्न तथा समुदायमा सहकारी र यसका फाइदा सम्वन्धि तालिम कार्यक्रम संचालन गर्नका लागि रकम विनियोजन गरिनेछ ।

**४.४ पर्यटन प्रवर्द्धनसम्बन्धी**

क) पाहाडी जिल्ला तेह्थुमको पश्चिमि भागमा अवस्थित यस गाउँपालिका हावापानीको दृष्टिकोणले अनुपम रहेको छ । एकै गाउँपालिका भित्र पनि फरक फरक हावापानीको अनुभव हुने यस क्षेत्रमा पर्यटनको प्रवल सम्भावनालाई ध्यानमा राखि यहां अवस्थित ऐतिहासिक,

पुरातात्विक, जातीय, भौगोलिक, धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा साहसिक पर्यटको विकास गर्न पर्यटन सम्वन्धि गुरुयोजना यसै आर्थिक वर्ष भित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

ख) पर्यटन गुरुयोजनाले निर्देश गरेका क्रियाकलापलाई प्राथमिकतामा राखि उचित बजेट विनियोजन गरिनेछ । साथै पर्यटकीय महत्वका स्थान तथा क्षेत्रहरुको बृत्तचित्र, ब्रोसियर तथा संचार माध्यम मार्फत प्रचार प्रसारको व्यवस्था गरी पर्यटनबाटै जीवनस्तर उकास्न सक्ने र गाउँपालिकाको आन्तरिक आय विस्तार गर्न सक्ने वातावरण तयार गरिनेछ ।

ग) पर्यटकिय क्षेत्रमा पुर्वाधार र सुविधाको उचित प्रवन्ध गरिनेछ । सिंधुवा बाट यस गाउँपालिकामा प्रवेश गरिसके पछि कम्तिमा तीन दिन सम्म यहि क्षेत्रमा टिकाइ राख्न सक्ने गरी पर्यटकीय स्थल र पुर्वाधारको विकास गरिनेछ ।

घ) सिंधुवा शुक्रवारे दांगपम वसन्तपुर सम्मको पर्यटकीय सम्भावनालाई ध्यानमा राखि उक्त स्थानहरु जोड्ने सडक मार्गको विकास र स्तरोन्नतीका लागि लालिगुरांस नगरपालिकासंग समन्वय गरी प्रदेश सरकार तथा संघीय सरकार संग कार्यक्रम र बजेट प्रस्ताव गरिनेछ ।

ङ) यसै आर्थिक वर्षमा गत वर्ष थालिएका पर्यटनका कार्यक्रमहरुलाई क्रमागत रुपमा संचालन गरीने र प्रधान मन्त्री पार्क यसै आर्थिक वर्षमा थालनी गरी शैक्षिक पर्यटनको केन्द्र बनाउन प्रयास थालिने र भ्यू टावर निर्माणको कार्यलाई पनि निरन्तरता दिईनेछ र

**४.५ सूचना तथा संचार सम्बन्धी**

क) यस कार्यालयको भवनमा रहेको नेपाल टेलिकमको व्याकअप तथा अन्य सामाग्री कार्यालय वाहिर व्यवस्थापनका लागि आग्रह गरिनेछ । साथै यस गाउँपालिकामा रहेका सरकारी तथा निजी टेलिफोन सेवाका टावरहरु राखेवापत गाउँपालिकालाई निश्चित रकम बुझाउनु पर्ने गरी करको दायरामा ल्याइनेछ ।

ख) यस गाउँपालिकाभित्र रहेका र अव स्थापना हुने गाउँपालिकाको कार्यालय, विषयगत कार्यालय, सुरक्षा निकाय, रेडक्रस, अस्पताल तथा अन्य निकाय र पदाधिकारीहरुको सम्पर्क नम्वर सहितको टेलिफोन डाइरेक्टरी प्रकाशन गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ । सुचना, जानकारी तथा विपदको समयमा यसलाई उपयोग गर्न सक्ने गरी व्यवस्थित तुल्याइनेछ ।

ग) सुचनाको हक लाई प्रवर्दन गर्ने खालका कार्यक्रमहरुलाई जोड दिदै गाउपालिकामा मिडीया परिचालनको माध्यम बाट सुचनाहरु अधिकतम प्रवाह गरिनेछ साथै पत्रकारहरुको भेलाको आयोजना गरी यहाको वास्तविक सम्भावनाका पक्षहरुलाई राज्यको मुलधारमा ल्याउने खालका कार्यक्रमहरु अवलम्वन गरीनेछ ।

**४.६ खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी**

क) पानीको श्रोतको प्रचुर सम्भावना हुंदा हुंदै पनि यस गाउँपालिकाको तल्लो क्षेत्रमा विद्यमान खानेपानीको संकट समाधान गर्नका लागि एकिकृत योजना यसै आर्थिक वर्ष भित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

ख) टोलै पिच्छे रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकरण गरी एउटा वडामा एउटा मात्रै खानेपानी उपभोक्ता समितिको गठन गर्ने नीतिगत व्यवस्था गरिनेछ । यसले हाल भइरहेको पानीको खण्डिकरणलाई न्युनिकरण गरी वडाभरिको खानेपानी व्यवस्थापनका लागि वाडा समिति बोर्ड लाई जिम्मेवार वनाउने विश्वास लिइएको छ ।

ग) सरसफाईको अभावमा वर्षेनी अकालमा धेरै नेपालीले ज्यान गुमाउनु परेको तथ्यलाई मनन गरी नेपाल सरकारले यस सम्वन्धमा राष्ट्रिय अभियान नै संचालन गरेको सन्दर्भमा यस गाउँपालिकामा पनि चर्पिको निर्माण र प्रयोग तथा सरसफाई सम्वन्धि व्यापक जनचेतना अभियान संचालन गरिनेछ । र यस्ता कार्यमा सरकारी तथा गैरसरकारी निकायहरुलाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

घ) छथर क्षेत्रको भौतिक पुर्वाधारको विकासलाई स्वचालित र व्यवस्थित गति प्रदान गर्न यसै आर्थिक वार्ष भित्र पुर्वाधार तथा सडक गुरुयोजनाको निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

ङ) यस आर्थिक वर्षमा सिधुवा शुक्रवारे सडक कालोपत्रेको कार्य थालनी गरी ३ वर्ष भित्र सम्पन्न हुने गरी प्रकृया बढाईने छ र सिंधुवा वसन्तपुर म्याङलुङ्ग सडक को बैकल्पिक मार्गको रुपमा सिधुवा शुक्रवारे म्याङलुङ सडकको स्तरउन्नति गरी प्रयोगमा ल्याईनेछ साथै छ वटै वडा जोड्ने सडकलाई पहिलो प्राथमिकतामा राखि उपलव्ध बजेट अनुसारको कार्यक्रम संचालन गरिनेछ र चक्र पथ ट्र्याक जोड्ने र पालिका बाट अन्य पालिका जोड्ने सडकहरु लाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

**४.७ विद्युत र उर्जा सम्बन्धी**

क) छथर गाउँपालिकामा आव ०७४।०७५ मा सुरुवात भएको उज्यालो छथर कार्यक्रमको निरन्तरता दिदै यस वर्ष पुरा गरीने सबैको घरमा उज्याले पुर्याउने कार्यलाई तिव्रताका साथ अगाडी बढाईनेछ ।

ख) पटक पटक विद्युत अवरुद्ध हुने हैरानीलाई न्यूनिकरण गर्नका लागी बसन्तपुर टुटेमा सवस्टेसन राख्ने कार्यलाई प्राथमिकताका साथ पैरवी गरीनेछ ।

ग) शुक्रवारे बजारमा शौर्य सडक वत्ति जडानका लागी आवस्यक पहल गरी यस वर्ष शौर्य सडक वत्ति जडान गर्ने गरी पैरवी बढाईनेछ ।

**४.८ बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी**

क) हाल देशभरिनै समस्याको रुपमा रहेको अव्यवस्थित जग्गा प्लटिङ्ग, विना मापदण्डको भवन निर्माण जस्ता विकृतिहरुलाई निरुत्साहित गर्नका लागि यसै आर्थिक वर्ष भित्र वस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ । र यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

ख) यस्तो मापदण्ड वनी लागु नभए सम्मका लगि शुक्रवारे बजार क्षेत्र भित्रको सरकारी जग्गामा भवन वा अन्य कुनै भौतिक संरचना निर्माणमा रोक लगाइनेछ ।

ग) सडकको आसपस भवन निर्माण गर्दा मापदण्डमा उल्लेखित निश्चित परिमाणको जग्गा छोडेर मात्रै भवन निर्माण गर्न पाउने गरी स्विकृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) भवन निर्माणको चरणमा नक्सा अनुसार भए नभएको वारेमा प्राविधिकबाट मुल्यांकन गराउनु पर्ने व्यवस्था गरिनेछ । साथै निर्माण सम्पन्न भए पश्चात निर्माण सम्पन्नको प्रमाणपत्र अनिवार्य रुपमा लिनु पर्ने व्यवस्था गरिनेछ । उक्त प्रमाण पत्र नलिएमा निजको घर जग्गा विक्री वितरणको लागि सिफारिस नगर्ने लगायतका व्यवस्था कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

च) व्यवस्थित वस्ति विकास तथा शहरी योजनाका लागि निश्चित स्थानलाई आवासीय क्षेत्र तोकि उक्त स्थानमा पुर्वाधारको कार्य गरे पश्चात मात्र वस्ति विकासको लागि जग्गा प्लटिङ्गको लागि स्विकृति दिने व्यवस्था गरिनेछ ।

## ५. सार्वजनिक सेवा तथा क्षमता विकास नीति

**५.१ संगठन संरचना, दरबन्दी र कार्यविवरण**

क) हाल नेपाल सरकारबाट स्विकृत भएको स्थानीय तहको दरवन्दि संरचना कार्यबोझ र कार्यजिम्मेवारी अनुसार अपुग रहेको हुंदा अत्यावश्यक सेवा संचालन गर्नका लागि आवश्यक प्राविधिक/प्रशासनिक कर्मचारीहरु सेवा करारको माध्यमबाट लिई कार्य संचालनको व्यवस्था मिलाइनेछ । यसरी सेवा करारमा लिंदा सेवा करार कर्मचारी छनौट सम्वन्धि निर्देशिका बमोजिम हुनेछ ।

ख) तत्काल गाउँपालिका र वडाको दरवन्दि अनुसारको कर्मचारीहरुको पुर्तिका लागी र कार्यबोझको आधारमा सभाबाट दरवन्दि तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

ग) कार्यबोझ र कार्यप्रकृति अनुसार अन्य विषयगत कार्यालयहरुको पनि दरवन्दिको विषयमा आवश्यक पुनरावलोकन र निर्णयका लागि पहल गरिनेछ ।

घ) गाउँपालका, वडा कार्यालय र विषयगत कार्यालयका प्रत्येक कर्मचारीको कार्यविवरण वस्तुगत सुचकमा आधारित रहि तयार गरिनेछ । र उनिहरुको कार्यसम्पादन मुल्यांक लगायतका सेवा सुविधाको विषयमा निर्णय गर्दा ती कार्यविवरणमा उल्लेखित सुचकहरुको प्रगतिको स्तरलाई आधार मान्ने व्यवस्था गरिनेछ ।

**५.२ सुशासन र सेवा प्रवाह**

क) करिव वीस वर्ष पछि भएको स्थानीय तहको निर्वाचन पश्चात जनताका प्रतिनिधिहरुले कार्यभार सम्हालेको यो घडिमा सरकार र जनप्रतिनिधिप्रति जनताको अपेक्षा बढेको छ । यी अपेक्षालाई व्यवहारमा मुर्त रुप प्रदान गर्न जनप्रतिनिधि र कर्मचारीको वोलि र व्यवहारमा सुधार र सेवाग्राहि प्रतिको सम्मानको वातावरण निर्माण गर्ने गाउँकार्यपालिकाको प्रयास हुनेछ ।

ख) सेवा लिन आउने सेवाग्राहि प्रतिको कर्मचारीको व्यवहारको मुल्यांकन गर्ने पद्धतीको विकास गरी उनिहरुलाई सेवाग्राही र जनता प्रति उत्तरदायि हुने व्यवस्था मिलाइनेछ ।

ग) कर्मचारीको सेवा प्रवाह र काम कारवाहिको सुक्ष्म अनुगमन र मुल्यांकनको मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

घ) सुशासन र सेवा प्रवाहको अवस्थालाई परैबाट पनि निरीक्षण गर्न सक्ने गरीको प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ । यसका लागि इलेक्ट्रोनिक हाजिरी, अनलाइन अनुगमन लगायतका विधि अवलम्वन गरिनेछ । साथै सेवा प्रवाहलाई छिटो र प्रभावकारी वनाउन र अभिलेख अद्यावधिक वनाउन आवश्यक सफ्टवेयर तथा प्रविधिको जडान गरिनेछ ।

ङ) गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुको काम कारवाहि र सेवा प्रवाहलाई सुचना र संचार प्रविधिको अवलम्वन गरी छिटो, छरितो र प्रभावकारी वनाउन आवश्यक व्यवस्था गरिनेछ ।

च) प्रत्येक विषयगत कार्यालय, वडा कार्यालय र गाउँपालिकामा नागरिकको गुनासा सुनुवाईको उचित प्रवन्ध गर्न नोडल अफिसरको व्यवस्था गरिनेछ । सुझाव पेटिकाको व्यवस्था गरी नागरिकको सुझाव लिने व्यवस्था गरिनेछ । र कार्यालयको काम कारवाहिको वारेमा जानकारी दिन सुचना अधिकारी वा प्रवक्ता तोक्ने व्यवस्था मिलाइनेछ ।

छ) कर्मचारीहरुको सेवा सुविधा, वृत्ति विकास तथा अन्य सुविधा सम्वन्धि निर्णय गर्दा उनिहरुले गरेको कार्यविवरण अनुसारको परिणाम, सेवा ग्राहिप्रतिको व्यवहार र सेवाग्राहिको कर्मचारी प्रतिको धारणा तथा जनप्रतिनिधहरुको मुल्यांकन समेतको आधारमा गरिने व्यवस्था मिलाइनेछ ।

ज) आवश्यकता र अवस्था अनुसार सरकारी सेवा प्रवाहलाई नागरिकको घरदैलो सम्म पुऱ्याउन जनप्रतिनिधि र कर्मचारीहरुको टोलि बनाई वस्ति स्तर सम्म पुग्ने तथा निश्चित सेवा प्रवाहको लागि घुम्ति सेवाको समेत व्यवस्था गरिनेछ ।

झ) गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयको सेवा प्रवाहको स्तरलाई अझ प्रभावकारी वनाई सुशासनको अनुभुती प्रदान गर्न नियमित रुपमा नागरिक र जनप्रतिनिधिको अन्तरक्रिया गर्ने, योजना अनुगमन गर्दा स्थानीय संघ संस्था तथा लाभग्राहिको प्रतिनिधित्व सुनिश्चित गर्ने, सार्वजनिक सुनुवाई तथा जनलेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**५.३ क्षमता विकास सम्बन्धी विषय**

क) लामो समयको अन्तराल पछि भएको निर्वाचन मार्फत कार्यभार सम्हालेका जनप्रतिनिधिहरु र नयाँ संरचना र शैलिमा अभ्यस्त नभएका कर्मचारीहरुको तालमेलबाट नागरिकको अपेक्षा पुरा गर्नु पर्ने गुरुत्तर दायित्व विच सेवा प्रवाहलाई प्रभावकारी वनाई विकास र समृद्धिको बाटोमा गाउँपालिकालाई डोऱ्याउनु अहिलेको प्रमुख चुनौतीको रुपमा रहेको छ । यस चुनौतिलाई पार गर्नका लागि पदाधिकारी र कर्मचारी उत्तिकै सक्षम हुन जरुरी रहेको हुंदा नयां संविधानले व्यवस्था गरेको स्वशासन र विकासको परिकल्पनालाई साकार पार्न पदाधिकारी र कर्मचारीलाई क्षमता अभिबृद्धि सम्वन्धि सघन तालिमको व्यवस्था गरिनेछ ।

ख) राजनीति र प्रशासनको विचको भिन्नता तथा समानता सम्वन्धि सैद्धान्तिक अवधारणाका विषयमा जनप्रतिनिधि र कर्मचारीलाई एकै ठाउँमा राखि तालिमको व्यवस्था मिलाइनेछ ।

ग) कर्मचारीलाई उसको ज्ञान, सीप र क्षमता बमोजिमको उपयुक्त जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ ।

घ) विकास निर्माण कार्यको अनुगमन तथा सेवा प्रवाह र कर्मचारीको कार्यसम्पादनको मुल्यांकन गर्न सक्ने गरी जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।

ङ) वदलिंदो परिस्थिति अनुसार तादत्म्यता कायम गर्न पदाधिकारी तथा कर्मचारीलाई कम्प्युटर तथा सुचना प्रविधि सम्वन्धि अभिमुखिकरण तथा तालिमको व्यवस्था मिलाइनेछ ।

च) प्रदेश तथा संघीय सरकारसंगको सहयोग र सहकार्यमा कर्मचारीहरुलाई सेवा कालिन तालिम, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागि गराउने व्यवस्था मिलाइनेछ ।

छ) कार्यालयले अपनाएका र लागु गरेका नविनतम प्रविधि तथा सफ्टवेयर संचालनका विषयमा सम्वन्धित कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

## ६. वित्तीय व्यवस्थापन तथा सुशासन सम्वन्धि

क) सवै प्रशासनिक तथा विकास गतिविधि र काम कारवाहिको केन्द्रका रुपमा रहेको वित्तीय व्यवस्थापन र सुशासनलाई प्रभावकारी वनाउन गाउँकार्यपालिकाले आफ्नो प्रयास केन्द्रित गरिनेछ ।

ख) नयाँ संरचना र शैलि बमोजिमका खातापाता, लेखा प्रणाली, प्रतिवेदन प्रणालीका सम्वन्धमा सम्वन्धित कर्मचारीको लागि तालिम र अभिमुखिकरणको व्यवस्था मिलाइनेछ । यस विषयमा प्रदेश र केन्द्र सरकारको समेत सहयोग लिइनेछ ।

ग) वित्तीय व्यवस्थापन र सुशासनको सम्वन्धमा लेखा उत्तरदायि अधिकारी र लेखाका कर्मचारीहरुलाई पुर्णतः जिम्मेवार र उत्तरादायि हुने व्यवस्था मिलाइनेछ ।

घ) लेखांकन, प्रतिवेदन तथा वित्तीय व्यवस्थापनलाई चुस्त र प्रभावकारी वनाउन आवश्यक पर्ने नविनतम प्रविधि तथा सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) वित्तीय व्यवस्थापन सम्वन्धि सुचना तथा जानकारी नियमित रुपमा सुचना पाटि, वेभसाइट तथा अन्य माध्यम मार्फत सर्वसाधारणको जानकारीको लागि प्रकाशन र प्रशारणको व्यवस्था मिलाइनेछ ।